# वेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

## लेखापरिक्षक नियुक्ति गरेको जानकारी गराउने सम्वन्धको सूचना

**सूचना प्रकाशन मिति: २०८०/०४/१७**

प्रस्तुत विषयमा नेपाल सरकारको **सहकारी ऐन २०७४** को परिच्छेद १२, दफा ७५ बमोजिम सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्तिम लेखा परिक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानुन बमोजिम इजाजत प्राप्त लेखापरिक्षक वाट गराउनु पर्ने प्रावधान भए बमोजिम सहकारी संघ/संस्थाहरूको लेखापरिक्षण कार्यका लागि साधारण सभाबाट अनुमोदित लेखापरिक्षकको सञ्चालक समितिले नियुक्ति गरेको जानकारी नेपाल सरकारको (मन्त्रि स्तर) वाट मिति २०७५/०५/०७ मा प्रमाणित **सहकारी संस्थाको लेखा परिक्षण निर्देशिका, २०७५** को दफा ३ बमोजिम नियुक्ति गरेको ३ दिन भित्र अनुसूचि १ को ढाँचामा नियमक निकायमा जानकारी गराउनु पर्ने प्रावधान रहेको हुँदा सोही अनुसार यस बेसीशहर नगरपालिका कार्यक्षेत्र कायम गरी दर्ता अभिलेखिकरण भएका सहकारीहरुले आ.व २०७९/०८० को अन्तिम लेखापरिक्षण गराउनको लागि नियमानुसार लेखा परिक्षक नियुक्ति गरि सोको जानकारी यस बेसीशहर नगरपालिकाको कार्यालयमा पठाउनु हुन अनुरोध गरिन्छ । साथै तोकिएको समय भित्र सहकारी संस्थाको लेखापरिक्षण सम्पन्न गराउनु हुन जानकारी गराइन्छ । तोकिएको मापदण्ड पुरा नगर्ने संस्थाको हकमा लेखा परिक्षक नियुक्तीको जानकारी नगराएको सम्वन्धि कसुरमा रु १५००।- अक्षरुपि पन्द्र सय) रुपैया जरिवाना हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**लेखापरिक्षक नियुक्ति गरेको जानकारी दिँदा आवश्यक पर्ने कागजातहरु**

(क) लेखापरीक्षकको नाम र ठेगाना,
(ख) विगत तीन वर्षमा नियुक्त लेखापरीक्षकहरूको नामर ठेगाना,
(ग) लेखापरीक्षकको लेखापरीक्षण इजाजत पत्रको प्रतिलिपि
(घ) भएसम्म लेखापरीक्षकको कार्यक्षेत्रगत सर्त (टर्म्स अफ रेफेरेन्स) ।
(ङ) लेखापरीक्षकको नियुक्तिका साथै पारिश्रमिक तोक्ने सम्बन्धमा साधारणसभाको निर्णयको प्रतिलिपि
(च) लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
(छ) ऐनको दफा ७७ को उपदफा (२) या प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम लेखापरीक्षकले सहकारी संस्थामा पेस गरेको आफू लेखापरीक्षकमा नियुक्त हुन अयोग्य नभएको बेहोराको लिखित जानकारीको प्रतिलिपि ।

Imanath Kadel
Chief Executive Officer

**थप जानकारीको लागि सम्पर्क**

**बेसीशहर नगरपालिकाको कार्यालय**
**बेसीशहर, लमजुङ**
**फोन.नं.: ०६६-५२०१५०**

Website : besishaharmun.gov.np, Email: besishaharmunicipality@gmail.com